गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, देउखुरी दाङ

## ५ नं. प्रदेश, नेपाल

**करारमा सेवा लिने सम्बन्धि सूचना**

(सुचना प्रकाशित मिति : २०७५/०९/०५)

गढवा गाउँपालिकाको लागि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम - I (ट्रान्जिसन एक्सटेन्सन) मा रहने गरी CRDP सब - ईन्जिनियरको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www.gadhawamun.gov.np बाट उपलब्ध हुनेछ ।

**१. आवश्यक पद र संख्या**

| पद नाम | संख्या |
|---|---|
| CRDP सब - ईन्जिनियर | १ |

**२. शैक्षिक योग्यता र अनुभव :**

२.१. नेपाली नागरिक

२.२. न्यूनतम योग्यता : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering मा प्रवीणता प्रमाणपत्र तह (Diploma) उतीर्ण गरेको ।

२.३. कार्य अनुभव : सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको ।

२.४. मोटरसाइकल Drive गर्न जानेको र Driving License भएको ।

२.५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कार्य अनुभवको प्रमाणित प्रतिलिपि तथा चालक अनुमति पत्रको प्रमाणिति प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गढवा, देउखुरी दाङ
५ नं. प्रदेश, नेपाल

**सेवा सुविधा तथा शर्तहरु**

१) पद : CRDP सव इन्जिनियर

२) कार्य क्षेत्र: नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको जलवायु समानुकुलन विकास योजना लागु भएका वडाहरु

३) मासिक पारिश्रमिक : रु.२५,०००।- (अक्षेरुपी: रु. पच्चीस हजार मात्र), प्रचलित कानुन अनुसारको कर लाग्ने

४) पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा पारिश्रमिक उपलब्ध गराउँदा सम्बन्धित फाँटबाट हाजिरी प्रमाणित पेश गरे पछि मात्र उपलब्ध गराइने छ ।

५) दोश्रो पक्षले मासिक दुई दिनका दरले घर बिदा पाउने छ भने नेपाल सरकारले तोकेका अन्य सार्वजनिक बिदाहरु पाउने छन् । घर बिदा लिनु परेमा पूर्व स्विकृत गराउनु पर्नेछ ।

६) पहिलो पक्षले यसमा उल्लेख भएको बाहेक अन्य कुनै किसिमको सुविधा उपलब्ध गराउने छैन ।

७) पहिलो पक्षले दोश्रो पक्षको कुनै पनि विमा गर्ने छैन र सो को जिम्मेवारी दोश्रो पक्ष स्वयंको हुनेछ ।

८) पहिलो पक्षलाइ दोश्रो पक्षले गरेको कार्यसँग सन्तुष्ट नभएमा वा कार्यक्षेत्रबाट गुनासो आएमा पहिला पक्षले करार रद्ध गर्न सक्नेछ ।

९) दोश्रो पक्षले करार रद्ध गर्न कम्तीमा १५ दिनको पूर्व जानकारी दिनुपर्ने छ ।

१०) पहिलो पक्षले दिएको कामको विवरण (TOR) अनुसार दोश्रो पक्षले कार्य सम्पादन गर्नु पर्नेछ ।

११ ) आवश्यकताको आधारमा पहिलो पक्षले यस सम्झौताको म्याद थप गर्न सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

गढवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गढवा, देउखुरी दाङ

**५ नं. प्रदेश, नेपाल**

## CRDP सब इञ्जिनियरको कार्य विवरण

CRDP सब इञ्जिनियरको मुख्य कार्य विवरण सामाजिक परिचालन, विभिन्न भौतिक पूर्वाधार तथा संरचना निर्माण संग सम्वन्धित कार्यक्रमहरुको डिजाइन, इष्टिमेट अनुसारको कार्य गराउन, तथा सुपरिवेक्षण र अन्तिम भुक्तानी प्रकृयामा सहजीकरण गर्नु रहने छ भने यसका निर्दिष्ट कार्यहरु देहाय बमोजिमका हुनेछन ।

१. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको पालिका र फिल्ड कार्यलय, गढवा गाउँपालिका , गढवा गाउँपालिकाको प्राविधिक शाखासग प्रत्यक्ष समन्वय र निर्देशन बमोजिम कार्य सम्पादन गर्ने ।

२. CRDP योजनाका गतिविधिहरु सञ्चालनमा सहयोग, समुदाय परिचालनका कियाकलाप सञ्चालन तथा कार्यकमका गतिविधिहरु अनुगमनका र रिपोर्टिङ्ग गर्ने ।

३. CRDP संग सम्वन्धित कियाकलाप कार्यान्वयनका लागि सम्बन्धित वडा, समुदाय र सघं सस्थाहरु सगँ समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

४. भौतिक पूर्वाधार तथा संरचना निर्माणसंग सम्वन्धित कार्यक्रमहरुको डिजाइन, इष्टिमेट अनुसार गरउन सम्वन्धित निकायसंग कार्य सम्झौता गर्न सहजीकरण गर्ने ।

५. लक्षित समुदाय/क्षेत्रमा कार्यक्रम भए नभएको वारे एकिन गरी कार्यक्रमको गुणस्तरता कायम राख्न नियमित स्थलगत अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

६. कार्य सम्पन्न भए पश्चात सुपरिवेक्षण गरी सम्वन्धित निकायको अन्तिम भुक्तानी प्रकृयामा नगरपालिका, NCCSP पालिका कार्यालय र UNDP लाई खर्च तथा कार्य प्रगतिको मुल्याङ्कन गर्न सहजीकरण गर्ने ।

७. संचालित योजनाको गुणस्तर, दिगोपना कायम गरी योजना संचालन तथा व्यवस्थापनमा विषेश ध्यान दिई समयमा नै सम्पन्न गराउन पहल गर्ने ।

८. प्रमुख प्रशासकीय अधिकृत, प्रमुख इञ्जिनियर तथा आयोजना प्रमुखले क्षमता र योग्यता अनुसारको लाए आह्वएको अन्य कार्य गर्ने ।

**जवाफदेहिता**

CRDP सब इञ्जिनियर गढवा गाउँपालिका र आयोजनाको क्षेत्रिय/पालिका कार्यालय प्रति जवाफदेहि हुनेछन् ।

प्रमुख प्रशासकिय अधिकृत